# *यादहरूको सङ्ग्रहालय*भित्र श्रमको सौन्दर्य
# (The Aesthetic of Labor in *Museum of Memories*)

**तेजविलास अधिकारी**[१]

***लेखसार***

*केवल बिनाबी प्रतिरोधी चेत भएका स्रष्टा हुन् । दलन र दमनको विषय उठानसहित कविता विधामा उपस्थित उनको 'आफर' र 'यादहरूको सङ्ग्रहालय' कविता सङ्ग्रहले नेपाली समाजमा गढेर बसेको जातीय छुवाछुत र वर्गीय विभेदलाई अत्यन्तै गम्भीर ढङ्गले उठाइदिएको छ । नेपाली समाजको मात्र नभएर समग्र दक्षिण एसियाको मानव विकास सूचकाङ्कलाई प्रभाव पार्ने छुवाछुत जस्तो मानवद्वेषी सामाजिक व्यवस्थामा केन्द्रित भएर उनका कविताहरूले समानता निमित्त सशक्त आवाज उठाएको देखिन्छ । उस्तै रगत बग्ने शरीर एउटा चोखो र अर्को बिटुलो हुने सामाजिक विभेदका विरुद्ध उनका रचना चुपचाप बस्न सक्दैन । मानिसले मानिसलाई गर्ने व्यवहार नसच्चिएसम्म धार्मिक रूपमा पुज्ने देवताको पनि कुनै श्रद्धा छैन । यी र यस्तै विशेषतालाई ध्यान दिएर प्रस्तुत अध्ययनमा कवि केवल बिनाबीको कविताको विश्लेषण गरिएको छ । कवि केवल बिनाबीको काव्य चिन्तनलाई प्रगतिवादको आधारमा यसभित्रका पक्षहरूमा केन्द्रित रही निष्कर्ष निकाल्ने कार्य भएको छ । 'यादहरूको सङ्ग्रहालय' कविता सङ्ग्रहले मूलतः नेपाली समाजमा प्रचलित निन्दनीय सामाकि अपराध हटाएर सामाजिक चेतना अभिवृद्धि गर्नुभन्दा अर्को विकल्प छैन भन्ने मूल निष्कर्ष यस लेखमा निकालिएको छ ।*

**शब्दकुञ्जी**: दलित सौन्दर्य, मुक्ति चेतना, विद्रोही स्वर, वर्णव्यवस्था, मुक्तियुद्ध ।

## विषय प्रवेश

केवल बिनाबी (जन्म वि.सं. २०३९) नेपाली कविता विधामा परिचित नाम हो । २०६७ सालमा primrose (music album)बाट नेपाली गीत र काव्य क्षेत्रमा उदाएका बिनाबीका 'आफर' सामूहिक कविता सङ्ग्रह र 'यादहरूको सङ्ग्रहालय'-२०७८ कविता सङ्ग्रह प्रकाशित रहेका छन् । कवि केवल बिनाबी नेपाली समाजमा नाङ्गो रूपमा शासन गरिरहेको जातीय भेदभावको विपक्षमा कलम चलाउने कविको रूपमा चिनिन्छन् । ' यादहरूको सङ्ग्रहालय' कविता सङ्ग्रहभित्रका कविताहरूले आफ्नो लक्ष्यलाई प्रष्टसँग प्रस्तुत गरेका छन् । राज्य नियन्त्रित निकायले मान्छेमाथि गरेको दमनको अन्त्यका निम्ति पहल नगरेर उल्टै दमनकारीलाई दोसल्ला ओढाउनु गम्भीर अपराध हो । यस्तो प्रचलनको अन्त्यका निमित सशक्त विचार प्रस्तुत भएको 'यादहरूको सङ्ग्रहालय' कविता सङ्ग्रहको भूमिकाबारे यस लेखमा प्रस्तुत गरिएको छ। कवि केवल सरल भाषा र सङ्क्षिप्त शैलीमा आफ्ना विचार प्रस्तुत गर्दै जाँदा सहज ढङ्गले प्रश्न गर्दछन् । विभेदकारी राज्यव्यवस्था र त्यसका अङ्ग उपाङ्गमा बसेर नुनको सोझो गर्ने अनि थप पीडा थोपर्नेहरू कवि केवलका काव्यिक प्रश्नको उत्तर दिन सक्दैनन् ।

---

१ उपप्राध्यापक, बाल्मिकी विद्यापिठ, नेपाल संस्कृत विश्वविद्यालय, काठमाडौं, ईमेलः tejkamere@gmail.com

श्रम गर्ने वर्गप्रतिको अगाध आस्था र सम्मान कवि केवलका कविताहरूको आसय ठहरिन्छ। कवि केवल बिनाबीद्वारा लिखित 'यादहरूका सङ्ग्रहालय' कविता सङ्ग्रहले श्रम गरेर पनि पेट भर्न नपाउने वर्गप्रतिको सद्भावलाई मात्र कायम गरेको छैन उनले यसभित्र मान्छे भनिन नपाएका मान्छेका आवाज उठाइदिएका छन्। ढुङ्गालाई ढोग्ने, पशुलाई पुज्ने अनि मान्छेलाई हेला गर्ने हाम्रो समाजको चेतनाविरुद्ध कविको एउटै प्रश्न र अनुरोध छ, के मान्छे अमान्छे हुन्छ ? हुन सक्दैन भने त मन्दिर निर्माण गर्नेहरू बिटुलो र मन्दिरमा पूजा गर्न जानेहरू कसरी चोखा हुन्छन् ? कविले सानैदेखि आफूले देखे-भोगेका जीवनबाट विषयवस्तुलाई टिप्दै कलात्मक ढङ्गले ढोंगी समाजको निद्रा खल्बल्याई दिएका छन्। ठुला-ठुला र सङ्गठित भनिएका आन्दोलन र अभियन्ताले समेत फाल्न नसकेको मानवता विरोधी व्यवहारलाई फाल्न पहिले सबैको चेत खुल्न जरुरी छ। दमनमा बाँचेकाले प्रश्न गर्ने मात्र होइन ठोस उत्तर पाउनै पर्दछ। मूलतः कविले वर्गीय चेतको आधारमा केन्द्रित भई श्रममूल्यलाई स्थापित गर्दै मानव विकासको सभ्य यात्रामा पुग्दा पनि उसमा हट्न बाँकी दरिद्र सोचप्रति व्यङ्ग्य र विद्रोह कसरी गरेका छन् भन्ने विषय नै यस लेखभित्र सन्दर्भित भएर आएको छ। यस लेखको मूल उद्देश्य निम्नानुसार रहेको छ;

(क) नेपाली समाजमा मान्छेलाई हेर्ने दृष्टिकोण र विभेदको पक्ष कस्तो रहेको छ ?

यस अध्ययनमा कविले आफ्ना भोगाइ, बुझाइ र सम्पूर्ण मानव मात्रको कलङ्कको रूपमा रहेको दलन र दमनलाई काव्यमा पोखेको सन्दर्भलाई थप पुष्टि गर्नु नै यस लेखको मूल उद्देश्य हो।

## अध्ययन विधि

प्रस्तुत लेखमा कवि केवल बिनाबीद्वारा रचना गरिएको 'यादहरूको सङ्ग्रहालय' कविता सङ्ग्रहभित्रका कविताहरूको अध्ययन वर्गपक्षधरताको खोजी गर्ने उद्देश्यअनुरूप मूलतः प्रगतिवादी कोणबाट गरिएको छ। यस प्रयोजनका लागि मार्क्सवादी सैद्धान्तिक पर्याधार र अवधारणाको उपयोग गरिएको छ। सैद्धान्तिक पर्याधार निर्माण गर्न तत्सम्बन्धी विचार प्रस्तुत भएको ग्रन्थहरूको उपयोग गरिएको छ। 'यादहरूको सङ्ग्रहालय'को विश्लेषणलाई सहज बनाउन यसअघि पुस्तकमाथि भएका टिप्पणी, समीक्षा, समालोचना र पुस्तकमा भएका लेखक र भूमिकाकारको विचारलाई समेत सहायक सामग्रीको रूपमा स्वीकार गरी प्रयोगमा ल्याइएको छ। यस कविता सङ्ग्रहको टिप्पणी, समीक्षा आदि न्यून भएकाले यसलाई अलि फरक कोणबाट व्याख्या विश्लेषण गर्नका लागि दलित साहित्य र दलनसम्बन्धी साहित्यिक मान्यताहरूलाई पनि समावेश गरिएको छ।

प्रस्तुत शोध कार्यमा वर्ग पक्षधरताको खोजी गर्न लैङ्गिक, जातीय र वर्गीय अवधारणाका विविध कोणका आधारमा कविताभित्रका साक्ष्यलाई प्रयोग गरी समाजमा प्रभुत्व जमाएर बसेको उच्च भनिने वर्गले निम्न आय-आर्जन भएको साथै कठिन श्रम गरेर बाँच्ने वर्गलाई कसरी दमन, शोषण गरेको छ भन्ने विचार समेत प्रस्तुत गरिएको छ। दमन र शोषणका बिचमा पनि प्रतिरोधी चेतनाको जन्म हुन्छ भन्ने पुष्टि यस अध्ययनमा प्रस्तुत गरिएको छ।

## सैद्धान्तिक पर्याधार

आजसम्म पनि समाजमा दलनको विषय उस्तै छ। मान्छे-मान्छेबिच हुने गरेको यो विभेदकारी सोच र व्यवहार अन्त्य हुन जरुरी छ। समाजमा वर्गीय विभेद, उत्पीडन र असमानताका पहाड खडा गर्नेहरू समानताका निम्ति भएका यात्रा र आन्दोलनलाई हेला होचो गर्न तल्लीन छन्। सभ्य देश निर्माण गर्न कम्तिमा मान्छे-मान्छेबिच हुने गरेका विभेदकारी व्यवहार र कानुनी संरचनाको अन्त्य हुनै पर्दछ। समाजमा हुने आर्थिक पहुँचको क्षेत्र र

आर्थिक-सामाजिक पहुँचले दलन थप जटिल बनेको छ । एक वर्गका मान्छे आर्थिक पक्षबाट मात्र पीडित छैन, मान्छेको व्यवहार मान्छेबाटै नपाउँदा ऊ सत्तासीन सामाजिक परम्परा र परम्परागत सत्ता अनि सत्ता चलाउनेप्रति आक्रोशित बन्न बाध्य छ। अधिकारको लडाईमा दमन, उत्पीडन खपेर पनि सङ्घर्ष गर्न जरुरी छ भन्ने मूल स्वर दमनको चक्र भोगेका स्रष्टाले अभिव्यक्त गर्ने गरेका छन् । आफू सत्ता बनेर सत्ताको राग छोड्दै अगाडि बढ्नेहरू नै आफूलाई धर्म, जात अनि शिक्षित भन्ने नाममा दमनको चक्र चलाइरहेका छन् । विश्वका धेरै देशमा जातका आधारमा हुने गरेको व्यवहार छैन । नेपाल र दक्षिण एसियाका केही मुलुकमा सदियौंदेखि रहेको यस प्रकारको सोच र व्यवहारले लाखौं मान्छे नागरिकको हैसियत प्राप्त गर्ने अवस्थामा छैनन् । जन्मजात मान्छेलाई महान् र तुच्छ ठान्ने प्रचलन निन्दा योग्य विषय हो। सामाजिक हिसाबले अन्त्य गर्ने मात्र होइनन्, मानवीय हिसाबले यसलाई फरक कोणबाट सचेतना जगाई मानव मस्तिष्कबाट नै हटाउन सकेमात्र न्यायपूर्ण यात्राको यात्री ठहरिन सक्छ ।

साहित्य कलात्मक विचार प्रस्तुति गर्ने विषय हो। साहित्यले पाठकको चेतनालाई प्रभावित पारेको हुन्छ। विजय र उन्माद प्रस्तुत हुँदा पाठकमा पर्ने प्रभाव अनि दमन, शोषण, अन्याय-अत्याचारको सीमा नाध्दा प्रकट हुने प्रतिक्रियाले पार्ने असर फरक हुन्छ। समाजमा दमन र शोषणको चक्र सदियौंदेखि चलिआएको छ। प्रत्येक समय मान्छे शोषण र दमनबाट उन्मुक्त हुन चाहन्छ अनि नवीन चेत निर्माण गर्दै प्रतिरोधी चेतना निर्माण गरिरहन्छ ।

कला र साहित्यलाई वर्गीय स्वार्थसिद्ध गर्ने साधन मान्ने र वर्गीय समाजमा कला र साहित्य भन्ने कुरा वर्गका बिचमा हुने वैचारिक सङ्घर्षको महत्वपूर्ण हतियार हो भन्ने विचार अगाडि सार्दै प्रगतिवादी साहित्यिक मान्यता र साहित्यको दलित सौन्दर्य चिन्तनले पनि समाजमा सदियौंदेखि अन्याय र अत्याचारको चक्रमा रहेका गरिब, भूमिहीन, सर्वहारा, श्रमजीवी व्यक्तिहरूकै आवाजलाई साहित्यका माध्यमबाट उठाउने कार्य गर्छ। (बराली : २०७७, पृ. ५८) दमन र शोषणको दुष्चक्र पार गर्दै उन्मुक्त हुने सोच सबैमा हुन्छ । साहित्य वर्गीय हुने भएकाले साहित्यभित्रको वर्ग पक्षधरता महत्त्वपूर्ण पक्ष हो । समाजले निर्माण गरेको कथित तल्लो तहको आफैं भोक्ता भएर जीवन बिताउँदा मात्र उसलाई पीडा थाहा हुन्छ। दलित र दमितहरूको विषयमा रचना गर्ने पृष्ठभूमि बताउँदै कवि भूपाल राई भन्छन्; "अनुभूति र सहानुभूतिले 'फिक्सनाइज्ड' गरेका तयारी वस्तुहरूको हामी कति जना उपभोक्ता छौं । भोक्ता र उपभोक्ताबिच आकाश जमिनको फासला छ ।" (राई, २०७८, भूमिका) पीडा र अभिव्यक्त गर्ने माध्यम साहित्य भए पनि त्यो कलात्मक र यथार्थ भोक्ता जीवनको प्रकटीकरण हो भन्ने मुख्य आसय रहेको छ। दलित साहित्य दलितको आत्मसम्मान र मुक्तिका लागि मात्रै लेखिने होइन, बरु सिङ्गो सांस्कृतिक रूपान्तरणको आन्दोलन वा अभियान हो । त्यसैले दलितको योगदान, बलिदान र त्यागलाई न्याय गर्ने जात व्यवस्थामा आधारित नायकत्वको प्रयोग र भाष्यलाई ऐतिहासिक तथ्य र तर्कका आधारमा साहित्य क्षेत्रबाट प्रतिरोध गर्नु जरुरी छ। (विश्वकर्मा, २०७७, पृ. ५१) दलित साहित्यलाई परम्परागत शोषणको अन्त्य र न्यायपूर्ण समाजको निर्माणको आधार हो भन्ने निष्कर्ष सैद्धान्तिक हिसाबले समेत पुष्टि गरिएको छ ।

पिँधको मान्छे पनि महान् होलान्, उत्तम काम गरेका होलान् भनेर उच्च जातिका साहित्यकारले सोच्दै सोचेनन्, किनकि साहित्यमा दलितलाई निरीह रूपमा उभ्याउँदा यसले जात व्यवस्थालाई नै टेवा पुऱ्याउने हुन्छ। (ज्ञवाली, २०७७, पृ. १७) बौद्धिक कर्म वर्गसापेक्ष हुनुपर्छ भन्ने दृष्टिकोण र श्रमिक वर्गको हकहितको पक्षमा गरिने बहस, छलफल र लेखनयात्रा नै वर्गीय चेतयुक्त लेखन हो । वर्गीय चेतना भन्नु नै समाजको निर्माणमा नागरिकको समान भूमिकाको विषय हो । यसले सामाजिक जीवनमा वर्गका अतिरिक्त वर्ण, लिङ्ग, जाति र

जातका आधारमा गरिने उत्पीडनको विरोध गर्छ। (चैतन्य, २०६९, पृ. ५०) समाजको वर्गीय स्थितिलाई बुझ्न सामाजिक विभेद र आर्थिक स्रोतको समेत अन्तर्य बुझ्न जरुरी छ। श्रमको शोषणबाट निम्तिने वर्गीय समस्या वर्गमा मात्र सीमित नरहेर जाति, जात र लिङ्ग भेदमा समेत फैलिएको छ।

वर्गीय चेत भनेको श्रमप्रतिको सम्मान र शोषणप्रतिको घृणाभाव हो। विचार, धारणा, चेतना आदि कुराको रचना सुरुमा मानिसहरूको भौतिक गतिविधि र भौतिक संसर्गसँग, वास्तविक जीवनको भाषासँग प्रत्यक्षरूपमा जेलिएको हुन्छ। मानिसहरूको परिकल्पना, चिन्तन तथा बौद्धिक संसर्ग यस चरणमा अझै उनीहरूको भौतिक आचरणकै प्रत्यक्ष परिणामको रूपमा प्रकट हुन्छन्। यही कुरा बौद्धिक उत्पादनमा पनि लागू हुन्छ, जुन रूपमा त्यो कुनै जनताको राजनीति, कानुन, नैतिकता, धर्म, तत्वमीमांसा आदिको भाषामा अभिव्यक्त हुन्छ। (कार्लमार्क्स र फ्रेडरिक एङ्गेल्स, १९८९, पृ. ४१) यस भनाइबाट पनि प्रष्ट हुन्छ कि बौद्धिक कर्म भनेको जात, व्यवस्था वा राज्यसत्ताको पक्षमा गाइने प्रसस्ति होइन। यो समाजमा दमनमा परेका पक्ष वा वर्गको उन्नयनका निम्ति गरिने असल र वैचारिक कर्म हो। श्रमिक वर्गको हकहितको पक्षमा गरिने बहस र लेखनले समाजलाई अग्रगमनका यात्रामा लैजान्छ। जहाँ समन्याय हुन्छ, दमन, उत्पीडन अन्त्यको गति तीब्र हुन्छ। दलित चेतनाका लागि लेखिएको साहित्यले दलितलाई नायकका रूपमा चित्रण गरेको हुन्छ। हिन्दुवादी समाजले सबैभन्दा पिंधमा राखेर विचरा, निरीह र कमजोर व्यक्तिका रूपमा चिनाएका दलितलाई परिवर्तनकामी चेतना भएका वा सामाजिक रूपान्तरणका लागि छेडिएको क्रान्तिको नेतृत्वकर्ताका रूपमा रचनाले दलितको पहिचान निर्माण गर्नुपर्दछ। (बराली, २०७७, पृ. १७८) माथिका यिनै विषयको खोजी गर्ने सम्बन्धमा उल्लिखित विचारधाराका आधारमा कवि केवल बिनाबीद्वारा लिखित 'यादहरूको सङ्ग्रहालय' कविता सङ्ग्रहभित्रका कविताहरूको विश्लेषण गरिएको छ।

वर्गीय चेतनाका विविध अभिलक्षणहरूका आधारमा 'यादहरूको सङ्ग्रहालय' सङ्ग्रहभित्र अभिव्यक्त विचारको विश्लेषण निम्नानुसार तयार गर्न सान्दर्भिक देखिन्छ :

(क) श्रम सौन्दर्य र भौतिकवादी दृष्टि

(ख) पीडाबोध र विद्रोह

(ग) अन्धविश्वास, पाखण्डीपन एवम् रुढिको विरोध

(घ) वर्गीय मुक्तिको अभिव्यक्ति

(ङ) विद्रोही चेतना र प्रचलित सामाजिक व्यवस्थाको विरोध

(च) दलित सौन्दर्य वा नायकको खोजी

### (क) श्रम सौन्दर्य र भौतिकवादी दृष्टि

भौतिकवादका अनुसार विचार वा चेतना भौतिक संसारको उपज हो र भौतिक संसारको उपज कुन रूपमा भने मन-मस्तिष्क मान्छेको उपज हो भने मान्छे स्वयम् प्रकृतिको उपज हो। चेतनाको अस्तित्व मान्छेको खास अङ्गसँग सम्बन्धित रहेको छ र त्यस अङ्ग वा मस्तिष्क भनेकै भौतिक तत्व हो। (भण्डारी, २०५५, पृ. ५) नेपाली समाजको विद्यमान स्वरूपलाई हेर्ने हो भने पनि सबैभन्दा बढी, कठिन र जोखिमयुक्त मात्र नभएर अपमानित र तिरस्कृत मानिएको सबै काम गर्ने दलित वर्ग समुदाय नै हो। वर्गीय दृष्टिले सबैभन्दा निम्न वर्गमा पनि यही समुदाय पर्छ र श्रम नै यस समुदायका मानिसहरूको बाँच्ने मुख्य आधार हुन्छ। (बराली; २०७७, पृ.

१८१) यस आधारमा हेर्दा कवि केवल बिनाबीको 'यादहरूको सङ्ग्रहालय' कविता सङ्ग्रहभित्र श्रम सौन्दर्य र भौतिकवादी जीवन दृष्टि रहेका धेरै रचनाहरू सङ्कलित रहेका छन्। 'यादहरूको सङ्ग्रहालय'भित्रको कवितामा रहेको जीवनवादी दृष्टिबारे भूपाल राई भन्छन्; तहगत समाजले निर्माण गरेको कथित तल्लो तहको आफैं भोक्ता भएर जसरी जसले फ्याक्ट लेखिरहेछ त्यो अरु धेरैका लागि सहानुभूतिको विषय मात्र हो। (राई, २०७८, भूमिका) आफ्नै श्रमको सौन्दर्यमा बाँच्ने मान्छे जाति उत्पीडनमा पर्दा उसको अन्तरहृदयबाट आउने अभिव्यक्ति सहज र सरल भाषाबाट प्रकट हुने गर्दछःञ

यहाँ देउता पुज्दा पुज्दै

देउता बनेका छन् मान्छे

यहाँ ढुङ्गा पुज्दा पुग्दै

ढुङ्गा बनेका छन् मान्छे। (फेरि एक आँधी, पृ. २०)

श्रम गर्नेको जीवन र ढोंगी बनी ढुङ्गा पुज्नेको जीवनमा कति अन्तर छ। श्रमले अधिकार मात्र होइन न्याय पनि माग्न पुग्दा मान्छेले मान्छेको श्रम खोज्छ, ठगी खानेलाई दुश्मन देख्छ :

जब भोकभोकै सुतेका

सुत्केरी आमाहरूको ?

रित्तो स्तनले

भरिँदैन पेट शिशुहरूको

गाउन थाल्छन् भोकको गीत

म कसरी निदाउन सक्छु

निस्फिक्री नपिएरै ? (जिन्दगीले पिएका जिन्दगीहरू, पृ. ५७)

जीवनयात्रामा आफ्नै लय हुनुपर्छ। लय नभई अस्तित्व विलय भएपछि विवश बनेकाहरूले राज्यबाट पाउनु पर्ने अभिभावकत्व नपाउँदा उनीहरूमा आउने निराशाले देश थला पर्न पुग्दछ। त्यसैले श्रम सौन्दर्यले मात्र पुग्दैन जीवनलाई बदल्न बुझ्नै पर्ने भौतिकवादी दृष्टि चाहिन्छ।

**(ख) पीडाबोध र विद्रोह**

समाजमा शोषण र दमनको सामना गरेर बसेको वर्ग, जाति, लिङ्गसँग पीडाको बोध हुन्छ। भोक्ता जीवन नै साहित्य सिर्जनाको आधार हो। जीवन भोगाइको पीडा साहित्यमार्फत अभिव्यक्त गर्नु विद्रोहको सङ्केत हो भने सङ्घर्षको चरणहरू पार गर्दै अगाडि बढ्नु परिवर्तनको यात्रा हो। उनीहरूलाई तुच्छ व्यवहार गर्ने त्यसलाई स्वीकार गर्न बाध्य गराउने समाजको यथार्थलाई कवि बिनाबीले सशक्त ढङ्गले उद्घाटन गरेको छन्ः

म निःशब्द नियालिरहेछु

निर्दोष मस्तिष्कहरूमा

चल्दै गरेको रक्तपात

र सोचिरहेछु

यी कलिला हातहरूमा

राज्य

कलम थमाउँछ या हतियार ? (छोइडुम, पृ. १५)

नेपालको ग्रामीण भेकमा अझै पनि जातीय विभेद जस्ताको तस्तै रहेको छ। सभय भनाउँदो सहरमा पनि कोठा भाडा बारेका विशाल विवाद छँदैछ। मान्छे सहरमा पसल कसको, परिकार के भन्ने केही सोच्दैन र सोध्दैन त्यही मान्छे आफूसँग भएको जातीय छुवाछूतको बीज जतिबेला पनि देखाउँछ। त्यस्तो व्यवहारप्रति कवि सामान्य आलोचनामात्र होइन विद्रोह समेत ओकल्न पुग्दछन्। (बराली, २०७७, पृ. १८५) शोषित र दलितहरूप्रति देखाइने घृणाभावले दमन, उत्पीडनको पारो चढाउने मात्र नभएर समाजमा भित्रभित्रै वर्गयुद्ध निम्त्याउन मद्दत समेत मिल्दछ। वर्गयुद्धले आर्थिक भेदलाई मात्र समाप्त पार्ने चेष्टा राख्दैन यसले त सबै खालका विभेदको अन्त्यको उद्घोष समेत गर्दछ।

(ग) **अन्धविश्वास, पाखण्डीपन एवम् रुढिको विरोध**

दलित समस्या सामाजिक, सांस्कृतिक तथा संस्कारिक कुरीति, अन्धविश्वास र अन्ध परम्पराकै प्रतिछायाँ हो। उस्तै प्रक्रिया, विधि र स्थानबाट जन्मने र उस्तै शारीरिक तथा मानसिक संरचना भएर पनि मानिस-मानिसमा जन्मँदै उचनीचमा विभाजन गर्ने परम्पराले निर्माण गरेको दलित समस्या समाधान गर्नका लागि कथित उच्च जातमा रहेको पाखण्डीपन र तल्लो भनिएकाहरूमा निहीत हीत भावको अन्त्य जरुरी छ। (बराली, २०७७, पृ. १८६) माथिको विचारलाई आत्मसात् गर्ने कवि केवल बिनाबीको कविताहरूले अन्धविश्वास, पाखण्डीपन एवम् सनातनको नाममा बाँच्न खोज्ने हाम्रो समाजको रुढिग्रस्त मानसिकताको पटाक्षेप गरी नवीन यात्राको शङ्खघोष गरेको छ :

उनीहरू

सुनपानी छर्किएर

शिल्पी हातहरूको

पसिना पिउँछन्। (सूचना, पृ. ११५)

चरम अन्धविश्वासमा बाँचेको समाज मान्छेलाई छुन नहुने र पशुवस्तुलाई भान्सासम्म पुऱ्याउने गर्दछन्। कुनै वैज्ञानिक प्रमाण प्राप्त नभएपछि रुढि वा परम्पराको नाममा सनातनी विचार र व्यवहारलाई निरन्तरता दिइरहेको छ। तिनीहरूको श्रमको मूल्य नबुझ्ने, अरुको पसिनामा नुहाउने अनि आफूलाई अब्बल साबित गर्ने जातीय आड लिने कार्यमा रमाइरहेकोप्रति रोष प्रकट गर्नु पर्ने र समाजको होस् खुलाई अगाडि बढ्नु पर्ने तर्क केवल बिनाबीको कविताले अभिव्यक्त गरेको देखिन्छ। श्रम शोषणकै कारण दलित र दमित बन्नु परेको हो। श्रमको सम्मान नभएसम्म लडाई लड्न छोड्नु हुन्न। आफूलाई अभिजात वर्गको ठान्ने तर अरुमाथि हीनतर व्यवहार गर्नेहरूको मानसिक अवस्था परिवर्तन गराउन 'यादहरूको सङ्ग्रहालय' सङ्ग्रहका कविताहरूले पर्याप्त मद्दत पुऱ्याएका छन्।

**(घ) वर्गीय मुक्तिको अभिव्यक्ति**

समाजमा रहेको वर्गीय र जातीय समस्याको प्रमुख कारण वर्गीय विभेद नै हो। मानिसले आफ्नो हैसियत समाजमा देखाउँदा आर्थिक आधारलाई पहिलो प्राथमिकता दिएको हुन्छ। मानिस सामाजिक हैसियत र भूमिकाको निर्धारण गर्ने सवालमा वर्गीय सन्दर्भलाई केन्द्रमा राख्दछ। (बराली, २०७७, पृ. १८६) नेपाली साहित्यमा लेखिएका कृतिहरूले वर्णका कारण निर्माण भएको जातीय समस्या समाधान गर्नका लागि वर्गीय मुक्तिको चेतनालाई प्रभावकारी ढङ्गले उठाउन सकेमात्र जातीय समस्या समेत समाधान हुन सक्छ। यसतर्फ कवि केवलले ध्यान खिचिएको सहजै भेट्न सकिन्छ :

साथी

सबैभन्दा पहिला

फेर्नुछ, आऊ केही

मनुको मनोविज्ञानमा बाँचिरहेका

सत्ताको कुर्सीमा विराजमान

ती खुनी अनुहार। (खुनी अनुहार, पृ. ९७)

सत्ता निर्माणको विधि र त्यसले निर्माण गर्ने सोचलाई कविले अत्यन्त गहिरो ढङ्गले अभिव्यक्त गरेका छन्। कवि सत्ता शक्ति हुनेहरूको प्रतिनिधित्व गर्दछ। त्यसैले खुनी सत्तालाई धक्का दिन पनि चेतनाको निर्माण सशक्त बनाउन जरुरी ठान्छन् :

आऊ

आफ्नै अस्तित्व

बिर्सेर निदाइरहेको

यो युगको

नबदासमाथि

शोधपत्र लेखौं। (शोधपत्र, पृ. १०६)

राज्यलाई बचाउने र चिनाउने पक्ष भनेको बौद्धिक पक्ष हो। बौद्धिकहरू नै विभेदको शोध गराइरहन्छन् र विभेदपूर्ण साहित्य लेखिरहेका छन्। बौद्धिक समाजको अन्तिम गन्तव्य विश्वविद्यालय र त्यहाँ गराइने शोधले निर्माण गरेको मानसिकताको सशक्त प्रतिरोध गर्न कवि आफ्ना कवितालाई प्रयोग गर्दछन्। अनुसन्धानका निम्ति भनेर लेखिएका शोधपत्र विभेद जन्माउने र टिकाउने दस्तावेज भएको तर्कमा प्रशस्त प्रमाण भेट्टाउँदै कविले आफ्नो सशक्त विचार प्रक्षेपण गरेका छन्।

**(ङ) विद्रोही चेतना र प्रचलित सामाजिक व्यवस्थाको विरोध**

सामाजिक संरचनामा सबैभन्दा उत्पीडित समुदायका रूपमा दलितले आफ्नो वर्गीय र वर्गीय मुक्तिका लागि गर्नुपर्ने सङ्घर्ष पनि कम चुनौतीपूर्ण छैन। नेपाली समाजको विद्यमान सामाजिक स्वरूपमा दलितको जीवनसङ्घर्षले भरिपूर्ण छ। हिन्दु वर्ण व्यवस्थाले निर्माण गरेको सामाजिक सीमाको सबैभन्दा पिँधमा

रहेको यो समुदाय वर्गीय रूपले पनि पुच्छरमा नै छ। (बराली : २०७७ : १७८) नेपाली समाजमा वर्गीय मुक्तिभित्र जातीय मुक्तिको चाहना राखेर लेखिएका रचना प्रसस्त भेट्टाउन सकिन्छ। जति मात्रामा विभेदको विरोध गरिएको छ त्यति सङ्घर्षको यात्रा बलियो देखिँदैन। कथित उपल्लो जातको सेवामा बाँच्नु परेको तर जीविकाको निम्ति भने चरम सङ्घर्ष गर्नु परेको पीडाभित्र विद्रोही भाव नभए त्यसले बुझ्ने र बदल्ने यात्रा तय गर्न सक्दैन। मान्छेको विद्रोही भावनाले सङ्घर्षको रूप लिएपछि नै सृजनात्मक र भौतिक सङ्घर्ष सुरु हुन्छ। समाजमा रहेको मानवद्वेषी विचारलाई अफाल्ने र त्यसबाट सही निष्कर्ष निकाल्दै मान्छे-मान्छेबिचको संवाद बढाउन एकले अर्कालाई सम्मानपूर्वक व्यवहार गर्नुपर्ने शास्त्रीय मान्यता भए पनि त्यो कार्यान्वयन नभएको तर्फ कविको विषय चयन र प्रस्तुति अगाडि बढेको छ। कवि केवल बिनाबीका कविताहरूले यी र यस्तै स्वरलाई समवेत स्वरको रूपमा प्रकट गरेका छन्ः

तिमी शिल्पी छौ
कति सुन्दर छ
तिम्रो गुँड
तिम्रो दुनियाँमा
अपमानित
छैनौ तिमी

मेरो दुनियाँमा
दमाईं
एक अपमान
दमाईं
एक गाली
दमाईं
एक तुच्छ प्राणी

मलाई पनि तिमीजस्तै
उन्मुक्त उड्न मन छ
दमाई चरा। (दमाई चरा, पृ. १०७-१०९)

प्रकृतिमा हिंसा त छ त्यो फरक खालको छ। मानिसको समाजमा जस्तो एउटै मानव समुदायभित्र पनि कति धेरै विभेद छ। कविले कलात्मक हिसाबले सामाजिक पीडाको पाटो र स्वतन्त्रताको चाहना अभिव्यक्त गरेका छन्। समाजमा रहेको चरम शोषण र विसङ्गतिले मान्छेलाई मान्छे भएर सोच्नै दिएको छैन। एउटा

जातिले अझै जातिमाथि चलाइरहेको हिंसा राज्य देख्दैन । भोक्ताहरूले त्यसको प्रतिकार नगरे कसरी न्यायपूर्ण समाजको स्थापना हुन सक्ला ! कविको ध्यान त्यस दिशातर्फ खिचिएको छ । मानिसलाई पशुभन्दा पनि तल्लो तहको ठानेर व्यवहार गर्ने अनि ढुङ्गालाई देवता मान्नेहरूको मानसिक तह नभत्काएसम्म समानताको आवाज बलियो बन्दैन । कवि केवलका धेरै कविताहरूको आसय पनि अभिव्यक्ति त्यही बाटोमा केन्द्रित रहेको छ :

वेदमा बयान गरिएझैँ
झूट नै सही
मानौँ
तिम्रा पुर्खाहरू
काँधबाट जन्मिएछन् रे
मेरा पुर्खाहरू
पाउबाटै जन्मिएछन् रे
तर अपसोच !
तिम्री आमा र मेरी आमाको
उस्तै अङ्गबाट जन्मिएका हामी
आखिर किन
तिमी जस्तै म अछुत
र म जस्तै तिमी छुत । (शूद्र शम्बूक, पृ. १०४)

कवि लहडी हिसाबबाट सामाजिक दमन गर्नेहरूप्रति वैज्ञानिक ढङ्गले प्रश्न गर्दछन् । लुटीखाने र ठगीखाने कर्ममा पोख्तहरूलाई प्रश्न त मन नपर्ला तर प्रश्नको उत्तर दिने आँट चाहिन्छ । समाजमा रहेको विभेदजन्य चेतनाको विषयले मात्र समाजको समस्याको समाधान हुँदैन । व्यक्ति विशेषको ज्ञानको सीमाले देख्ने र लेख्ने विषयमा अब समवेत स्वरले प्रश्न उठाउन जरुरी छ । मानिसमा उन्नत सोच र आविष्कारले संसारलाई सिँगार्ने श्रमजीवीलाई हेपेर मानव सभ्यता कतै पुग्दैन । केवल अन्धविश्वासको आडमा अड्डा जमाउने काम ठगी धन्दा हो । कविले प्रस्तुत कविता सङ्ग्रहमा प्रश्नैप्रश्न तेर्‍याएका छन् ।

**(च) दलित सौन्दर्य वा नायकको खोजी**

हजारौं वर्षदेखि उत्पीडनको शिकार भएको दलितले मुक्ति प्राप्त गर्नका लागि क्रान्ति अनिवार्य छ र त्यस्तो क्रान्तिमा दलित आफैं अगाडि सर्नुपर्छ (बराली, २०७७, पृ. १७८) दलितमा सुन्दर केही नदेख्ने उसलाई बिचरा, निरीह र टिठ लाग्दो रूपमा बिनाबी दलितमाथि भएको दमनका विरुद्ध दलित मात्र होइन श्रमिक वर्ग सबै एकजुट हुनुपर्छ भन्दछन्ः

यहाँ
कस्मेटिक कमरेडहरू
अधिकारकर्मीहरू
वादी र प्रतिवादीहरू
नकाबधारी मान्छेहरू
सबै सबै छौ । (नकाब, पृ. ११३)

हामीले भन्ने गरेका नायकहरू खलनायकी भूमिकामा आफ्नै दुनो सोझ्याइरहेको सन्दर्भलाई कविले प्रतीकात्मक रूपमा अभिव्यक्त गरेका छन् । सामाजिक रूपान्तरणको पाटोमा अधिकार प्राप्तिको लडाई अत्यन्त महत्वपूर्ण रहने विषय कविताहरूले अभिव्यक्त गरेका छन् । देशमा सङ्घीय शासन प्रणाली छ, आरक्षणको व्यवस्था छ तथापि यसको मूल चरित्र सामन्तवादी सोचबाट प्रेरित र प्रभावित छ । वर्गीय विषयलाई बेवास्ता गरिएको समावेशी प्रतिनिधित्वको सिद्धान्तले पनि खासै आशा जगाउन नसकेकोप्रति कविको गहिरो रुचि रहेको छ । देशको सङ्घीय राजधानीमा मात्र होइन टोल-टोलमा समेत विभेदको पर्खाल जीवितै रहेका कारण त्यसका विरुद्ध नयाँ नायकको खोजी गर्ने उद्घोष गरिएको छ । आफूलाई जन्मजात ठूलो र छूत ठान्ने अनि अर्कोलाई जन्मँदै तुच्छ, नीच र अछूत देख्ने ब्राह्मणवादी अहङ्कारले दलितका रगत र पसिनाले शोषण गरेको देखिन्छ । समाजमा रहेका विभेदका संरक्षकहरू मूर्ति ढोगिरहेका छन्, मूर्ति निर्माता श्रमिकलाई हेला गरिरहेछन् । समाजको पक्षपातपूर्ण व्यवहार सहेर नबसी नवीन चेतको निर्माण गर्दै विभेद गर्नेहरूलाई सत्य इतिहास पढाउने उद्घोष कविको रहेको छ :

भो ! अब मञ्जुर छैन

यो भेद पनि विभेदमा निर्मित

तिम्रो सामाजिक सद्भाव । (सामाजिक सद्भाव, पृ. १२३)

कवि कस्मेटिक सामाजिक सद्भावको नारा लगाएर समाजको विभेद जीवितै राख्न चाहनेप्रति आक्रोशित छन् । उनका कविताले गुणात्मक र विभेद नगर्ने सद्भावले मात्र मान्छेको परिचयलाई बचाउने ठहर छ । कवि चुनावका नाममा हुने शोषण र नक्कली प्रतिनिधित्वप्रति पनि सन्तुष्ट छैनन् । वर्गभित्रको समानताको चेतको आलोकमा कवि भन्छन्ः

कात्रोमा चुनावी

नारा लेखेर

प्रचारमा निस्केका छन्

केही संवेदनहीन मान्छेहरू

र, गरिरहेछन्

मृत्यको राजनीति । (मृत्युको राजनीति, पृ. ८१)

कवि वर्गको प्रतिनिधित्वभित्र पनि जातीय उत्पीडनको चिन्ता गरिरहनु परेको विचार अभिव्यक्त गर्दछन् । देवताका विरुद्धमा योद्धाले हरेक मोर्चामा लड्नु पर्ने उद्घोष कविता सङ्ग्रहभित्रका रचनाहरूले प्रस्तुत गरेका छन् । हाम्रो समाजमा रहेको धर्मको नामको शोषण र अन्याय, अत्याचार सहि नसक्नु भएकाले त्यसका विरुद्धमा वर्गीय र दमन सहेका पात्रहरूकै अगुवाईमा क्रान्ति सफल बनाउनु पर्ने विचार अभिव्यक्त गर्दछन् । धार्मिक अन्धविश्वासले थपको समस्यालाई जरैदेखि उखेलेर फाल्न कवि मान्छेसँग रगत र स्वरूप नै समान देखाउने आधार भएको पुष्टि गर्दछन् । समाजको उन्नति हुन नसक्नुमा नक्कली सामाजिक अभियन्ताहरूको प्रभुत्व नै बाधक रहेको निष्कर्ष कविले निकालेका छन् । भाषिक हिसाबले सरल र कलात्मक प्रस्तुतिका कारण कविताभित्रको विचार सहजै सम्प्रेषण हुन सकेको छ ।

## निष्कर्ष

केवल बिनाबी वर्गपक्षधर कवि हुन् । उनी श्रम शोषणको विपक्षमा छन् । उनका कविताले देशप्रेमको विषयमा पाठकलाई जगाएका छन् । उनी मूलतः मान्छे भनेको एउटा असल र सरल यात्रामा अगाडि बढ्ने निरन्तर यात्री हो । मान्छेसँग जतिबेलासम्म मान्छेलाई हेर्ने दृष्टिकोण प्रष्ट हुँदैन त्यतिबेलासम्म मान्छे बन्नै सक्दैन । नेपाली समाजमा समस्याहरूको पहाडै छ। समस्याहरूमध्ये एउटा महत्वपूर्ण पक्ष दलन, जातीय भेदभाव र छुवाछूत हो । यस्तो निन्दनीय सामाजिक अपराध हटाउन चेतना अभिवृद्धि भन्दा अर्को माध्यम छैन । लेखक, कविहरू साहित्यमार्फत् काव्य सिर्जना गरेर विभेदको अन्त्यका निम्ति जुट्नु पर्छ। नेपालको सङ्कट समाधान गर्न पहिले हाम्रो अन्तरविरोधको हल गर्नुपर्छ । कवि केवल बिनाबीको कविता सङ्ग्रह 'यादहरूको सङ्ग्रहालय'ले समाजमा रहेको सङ्कीर्ण मानसिकताको उच्छेद गरेको छ। कवि हाम्रो समाजभित्रका समस्यालाई प्राज्ञिक हिसाबले स्थापित गर्दै उच्चस्तरमा वैचारिक र व्यावहारिक पाटोमा परिवर्तन ल्याउन तल्लीन रहेका छन् ।

कवि केवल बिनाबीको लक्ष्य भनेको मानवताको खोजी हो । आदर्श र भावुक कल्पनाभन्दा पृथक विगतको भोक्ता जीवनबाट पाठ सिकेर आफ्नै चेतनाले राज्यको विभेदकारी नीति बदल्ने उद्घोष सङ्कलित रचनाहरूले गरेका छन् । उनका कवितामा राज्यको ढुकुटी दोहन गर्नेहरू नै जातीय विभेद निम्त्याउने पात्रहरू हुन् भन्ने ठहर छ। इतिहास निर्माण गर्ने श्रमिकहरूलाई कालान्तरमा दलितको रूपमा राख्दै अछुतको व्यवहार गरिनु सर्वथा निन्दनीय हो । यसका विरुद्ध निरन्तर खबरदारी गर्ने र अन्ततः यो सामन्ती चलन हटाएरै छाड्ने प्रतिबद्धता ' यादहरूको सङ्ग्रहालय' कविता सङ्ग्रहभित्रका कविताहरूले गरेका छन्। सङ्ग्रहमा श्रमको सौन्दर्य गाथा गाइएको छ। जनमुक्तिको दीर्घयात्रामा मानवद्वेषी व्यवहार विघटन गर्दै न्यायपूर्ण समाजको स्थापना गर्नुको अर्को लक्ष्य नभएको सार यहाँ प्रस्तुत छ।

## सन्दर्भसामग्री सूची

अधिकारी, तेजविलास र पुरुषोत्तम रिजाल (२०७४) . नेपाली कथामा दलित . काठमाडौं, नेपाल प्रज्ञा प्रतिष्ठान ।

किरण (२०६५) . नेपाली समाज र संस्कृति : एक सङ्क्षिप्त अध्ययन (दो.सं.) . काठमाडौं . विवेक सिर्जनशील प्रकाशन प्रा.लि. ।

चैतन्य (२०६९) . मार्क्सवादी सौन्दर्य चिन्तन . ललितपुर, साझा प्रकाशन ।

ज्ञवाली, शिवहरि (२०७७) . "सर्जकको मानवीयकरण" . मधुपर्क . ५ (६१४) पृ. १६-१९ ।

तेजविलास (२०७८) . "श्रमको सौन्दर्यको मीठो सङ्गीत" . सौर्य अनलाइन, चैत्र १९ ।

बराली, रणेन्द्र र डिडी अधिकारी (२०७७) . नेपाली दलित साहित्यलेखनको इतिहास . नेपाल प्रज्ञा प्रतिष्ठान ।

भण्डारी, जगदीशचन्द्र (२०५५) . प्रगतिवादी नेपाली कविता : रेखाङ्कन र विश्लेषण . काठमाडौं, मुन्नी भण्डारी ।

माओत्सेतुङ (२०४१) . चुनिएका रचनाहरू भाग ३ . अनु. खगेन्द्र सङ्ग्रौला . काठमाडौं, निरञ्जन गोविन्द वैद्य ।

मार्क्स, एङ्गेल्स (सन् १९८९) . साहित्य र कला . मस्को, प्रगति प्रकाशन ।

बिनाबी, केवल (२०७८) . यादहरूको सङ्ग्रहालय . काठमाडौं, फिनिक्स बुक्स ।

विश्वकर्मा, जेबी (२०७७) . "दलित साहित्यको कार्यभार" . मधुपर्क ५ (६१४) पृ. ४९-५१ ।